स्थानीय सरकार

# खनियाबास गाउँपालिका

ཁ་ནི་ཡ་བྷ་ས་གཱ་ཨུ་པཱ་ལི་ཀཱ།

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

प.स.: २०८२/०८३ मिति : २०८२/०९/०९

च.न. :............. ने.सं. ११४६,पोहेलाथ्व ०४ बुधबार

**अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नःस्थापना( सि.वि.आर) कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ॥**

प्रस्तुत विषयमा यस गा.पा को आ.व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम **अन्तर्गत अपाङ्गता भएको व्यक्तिहरुको लागि समुदायमा आधारित पुनस्थार्पना सहयोग कार्यक्रम** (CBR) मा बागमती प्रदेश सरकार शसर्त अनुदान रु ३,००,००० प्राप्त भएको र ४० % गा.पा को साझेदारी गर्नुपर्ने कार्यविधिमा भएको व्यवस्था अनुरुप रु ५,००,०००/- बराबरको कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले **१५** दिन भित्र इच्छुक गैरसरकारी संस्थाहरुले खनियाबाँस गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका तथा कार्यविधि बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनस्थार्पना सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ ।

**तपसिलः**

१. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,
२.संस्थाको विधान, प्रशासनिक र आर्थिक नियमावलीको फोटोकपी,
३. संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक वर्ष नियमित नविकरण गरेको प्रमाणपत्र,
४.सम्बन्धित स्थानीय तहमा सूचीकृत भएको कागजात,
५.संस्थाको आफ्नो कार्यालय र आधिकारीक सम्पर्क नम्बर इमेल ठेगाना भएको कागजात,
६.संस्था समाज कल्याण परिषदमा आबद्ध र नियमित नविकरण भएको प्रमाणपत्र,
७. अपाङ्गता को क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको कार्यविवरण तथा अनुभव सम्बन्धि कागजात,
८.आ.व २०८१/०८२ मा गरेको लेखापरीक्षण प्रतिवेदन, संस्थाको भौतिक पूर्वाधार दर्शाउने कागजात ।

**पुनश्चः**अपाङ्गता भएको व्यक्तिहरुको लागि समुदायमा आधारित पुनस्थार्पना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८० बागमती प्रदेश,सामाजिक विकास मन्त्रालयको वेवसाइटमा डाउनलोड गरी हेर्न सकिनेछ ।

..............

पदम बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत